
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ३१८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० मंसिर २७ गते बुधबार ❑ 13 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## मानव अस्तित्व रहेसम्म बुद्धदर्शन जीवित रहन्छ : प्रधानमन्त्री

**रासस**
नवलपरासी, २६ मंसिर

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मानव अस्तित्व रहँदासम्म बुद्धदर्शन जीवित रहने बताउनुभएको छ।

विश्वशान्तिको कामना गर्दै पश्चिम नवलपरासीको रामग्राम स्तुपमा आज आयोजित विशेष कार्यक्रममा उहाँले विश्वशान्ति आजको आवश्यकता रहेको बताउँदै हामी यो सन्देश विश्वभर फैलाउन सफल भएको उल्लेख गर्नुभयो। भगवान गौतमबुद्धले दिनुभएको उपदेशको आवश्यकता र औचित्य अहिले थप पुष्टि भएको प्रधानमन्त्री दाहालको भनाइ छ। उहाँले त्यस अवसरमा रामग्राम स्तुप विकासको गुरुयोजना कार्यान्वयनको



प्रतिबद्धता समेत व्यक्त गर्नुभयो। प्रधानमन्त्री दाहालले रामग्राम स्तुप क्षेत्रको पुनःस्थापना, संरक्षण र विकासका लागि दुरदर्शी काम गर्ने बताउनुभयो। यस कार्यक्रमले विश्वशान्तिका लागि ठूलो सन्देश दिने भन्दै उहाँले संयुक्त राष्ट्रसङ्घका महासचिव गुटरेस र आफूले लुम्बिनीमा विश्वशान्तिको कामनाका लागि प्रतिबद्धता व्यक्त गरेको उल्लेख गर्नुभयो। "आजको कार्यक्रमले विश्वसामू नयाँ सन्देश जाने मात्र होइन, रामग्राम स्तूप र समग्र लुम्बिनी क्षेत्रको धार्मिक, सांस्कृतिक र पर्यटकीय विकासमा महत्वपूर्ण भूमिका खेल्ने छ", प्रधानमन्त्री दाहालले भन्नुभयो। बुद्धकालीन सम्पदाको संरक्षण र विकासका लागि अन्तर्राष्ट्रिय समुदायलाई अपिल गरिएको बताउँदै उहाँले बुद्धको दर्शन, विचार र उपदेशबाट आफू सधैँ प्रेरित भएको हुँदा बुद्धकालीन सम्पदाको विकासमा आफूले महत्वपूर्ण भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

त्यस अवसरमा संस्कृती, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले तिलौराकोट, लुम्बिनी र रामग्राम स्तुपलाई समेटेर सरकारले वृहत्तर योजना अघि सारेको जानकारी दिनुभयो। "नेपाल बहुभाषिक, बहुजातीय मुलुक भए पनि सबै धर्म र समुदायले बुद्ध दर्शनलाई अङ्गालेका छन्, यही नै हाम्रो धार्मिक सहिष्णुता हो, यही नै हाम्रो एकताको सन्देश हो", उहाँले भन्नुभयो। कार्यक्रममा विदेशी राष्ट्रका प्रतिनिधि तथा बौद्धमार्गीहरूको उल्लेख्य उपस्थिति थियो। शान्तिका अग्रदूत गौतमबुद्धको अस्तुधातु रहेको एतिहासिक तथा धार्मिकस्थल रामग्राम स्तुपमा आयोजित कार्यक्रममा सहभागी हुन प्रधानमन्त्री नवलपरासी आउनुभएको हो।

## पोखरामा मुख्य ४ जिल्लाका सुन्तला

**पोखरापत्र संवाददाता**
पोखरा, २६ मंसिर

गण्डकी प्रदेशको राजधानि पोखरामा मुख्य गरी ४ जिल्लाका सुन्तला भित्रिने गरेको छ।

पोखरामा स्याङ्जा, पर्वत, बागलुङ र म्याग्दी जिल्लाबाट बिषेश गरी सुन्तला बिक्रीको लागि पोखरामा भित्रिने गरेको व्यवसायीहरुले बताउनु हुन्छ। विगत १२ बर्ष देखि सिजन अनुसार सुन्तलाको व्यापार गर्दै आउनु भएको समिरि श्रेष्ठ हिजोआज बिहानैदेखि सुन्तला बिक्री र खरिद गर्न भ्याई नभ्याई हुने गरेको छ। पोखराको कृषि उपज बजार(शान्ति वन वाटिका) क्षेत्रमा किसानले उत्पादन गरेका सुन्तला सिधै किसानसंग खरिद गर्ने त केही आफै समेत किसानको बारीमा पुगेर सुन्तला ल्याउने गरेको उहाँले बताउनुभयो। सायद केही जिल्लामा यस बर्ष सुन्तलाको फल लागेको समयमा असिना आएकोले गर्दा केही सुन्तलामा आकार सानो भएको र दागी भएको श्रेष्ठले बताउनु भयो। उहाँले करिब एक ट्रक सुन्तला बिक्रीको लागि



प्रदेशका विभिन्न जिल्लाबाट सुन्तला खदि गर्नु भएको हो। बजारमा सुन्तला बिक्री हुन कठिन भएको अबस्थामा किसानले वोटमै सुन्तला महङ्गो भन्ने गरेको श्रेष्ठले गुनासो गर्नु भयो। कृषि उपज बजार शान्ति वन वाटिकामा विगत लामो समय देखि सुन्तलाको सिजनमा खुन्तला खरिद बिक्री गर्दै आउनु भएका महेश खड्काले यस बर्ष करिब १५ लाखको सुन्तलाको कारोवार गर्ने लक्ष्य राख्नु भएको छ। उहाँले स्याङ्जा, पर्वत, बागलुङ र म्याग्दीमा उत्पादन भएका सुन्तला खरिद बिक्रि गर्नु भएको छ। उहाँले हाल कृषि उपज बजारमा प्रतिकेजी सानो ३० रुपैया देखि ठुलो ग्रेडिङ गरेको १ सय रुपैयामा होलसेल सुन्तला बिक्रि गरेको जनाउनु भयो।

सुन्तलाको सिजन हाल जारी रहेकोले हालसम्म सन्तोसजनक व्यापार भएको खड्काले एटुजेडलाई बताउनु भयो। खड्का र श्रेष्ठ जस्ता कैयौं व्यापारीले पोखरामा हाल सुन्तला बिक्री वितरण गर्नु भएको छ। उक्त सुन्तला खुद्र बजार मुल्य भने ५० देखि १ सय ५० सम्म पर्ने गरेको छ। पोखरा आएको सुन्तला पूर्व तर्फ जाने गरेको व्यवसायीहरुले बताउनु भयो। प्रदेशका मनाङ र मुस्ताङ बाहेक अन्य जिल्लाबाट कहिले काहिँ पोखरामा सुन्तला भित्रिने गरेको छ। मानव स्वास्थ्यका दृष्टिले सिजन अनुसारको सुन्तलामा भिटामिन सि देखि धेरै तत्व पाइन्छ।

## जलवायु परिवर्तनको असर हिमालमा धेरै

**पोखरापत्र संवाददाता**
पोखरा, २६ मंसिर

जलवायु परिवर्तनले बद्लिँदा हिमाल र हिमाली जनजीवनबारे चिन्तन गर्दै पोखरामा जारी आठौं पर्वतीय महोत्सव मंगलबार सकिएको छ। अन्तर्राष्ट्रिय पर्वतीय दिवसका अवसरमा नेपाल पर्वतारोहण संघले बर्सेनि महोत्सव आयोजना गर्दै आएको हो। महोत्सवको समापन समारोहमा गण्डकी प्रदेशका अर्थमन्त्री जीतबहादुर आलेमगरले पछिल्लो समय बढ्दो जलवायु परिवर्तनले हिमाललाई चोट पुर्‍याइरहेको भन्दै चिन्ता व्यक्त गरे। जलवायु परिवर्तनमा नेपालको दोष नभए पनि प्रतिकूलताको असर भोग्नु परिरहेको उनको भनाइ थियो।

अर्थमन्त्री मगरले नेपालको परिचय नै हिमालसँग जोडिएकाले यसलाई बचाएर जानुपर्ने बताए। नेपाललाई विश्वमाझ यहाँका हिमाल र हिमाली जीवनशैलीले नै चिनाएकाले यसलाई सम्पत्तिका रुपमा जगेर्ना गनुपर्ने उनको भनाइ छ। 'नेपालको मामिलामा



यहाँका हिमाल नै हाम्रा सम्पत्ति हुन् यसलाई जोगाइराख्न जरुरी छ। नेपाल विश्वमा चिनिएको पनि यहाँकै पर्वतले हो,' उनले भने। आयोजक नेपाल पर्वतारोहण संघका वरिष्ठ उपाध्यक्ष ठाकुरराज पाण्डेले नेपालमा पर्वतीय पर्यटन बढाउन र त्यसको महत्व बुझाउन महोत्सव सुरु गरिएको बताए। 'यहाँका पवित्र हिमाल र ट्रेकिङका लागि मुख्य प्रवेशद्वार बनाउन महोत्सव गरिएको हो,' उनले भने, 'प्रत्येक दिन एकदमै सूचनामूलक, सबैले बुझ्ने गरी कार्यक्रमहरु पनि अगाडि बढाएका छौं।' नेपाल पर्वतारोहण संघका प्रमुख कार्यकारी अधिकृत तथा महोत्सवका संयोजक जिनेश सिन्दुराकारले पोखरास्थित पर्वतीय संग्रहालयमा बर्सेनि महोत्सवसँगै वार्षिक क्यालेन्डर नै बनाएर कार्यक्रम बनाएर लैजाने योजना रहेको सुनाए। महोत्सव सहसंयोजक शेषकान्त शर्माले पर्वतीय महोत्सवलाई पर्वतीय जीवनशैलीबारे बुझ्न ज्ञानको महोत्सवका रुपमा अगाडि बढाइएको सुनाए। उनले भने, 'आगामी दिनमा यसलाई अझै परिस्कृत र ज्ञानमूलक बनाउने गरी योजना बनाएका छौं,' उनले भने। महोत्सवमा पर्वतीय जनजीवन र आरोहीका डकुमेन्ट्रीदेखि जलवायु परिवर्तनको असरबारे बहस भएको थियो। बहसमा सहभागी वक्ताहरुले बद्लिँदो जलवायुलाई रोक्न नसकिने तर, अनुकूलताबारे बहस अबको मुख्य मुद्दा हुनुपर्ने सुझाव राखेका थिए। महोत्सवमा किम्फसँगको सहकार्यमा पाँचै दिन पर्वतारोहण र पर्वतीय जीवनबारे वृत्तचित्रसहित कीर्तिमानी आरोहीको फोटो प्रदर्शनी पनि गरिएको थियो। महोत्सवकै अवसरमा फरकफरक भूगोलमा एकै प्रकारको हिमाली जनजीवन चिनाउने गरी अस्ट्रियन आमाछोरी डा इरिका र उनकी छोरी इर्मट्रड हुबाचेकले कैद गरेका तस्वीर पनि प्रर्दशनमा राखिएको थियो। शुक्रबारदेखि ५ दिनसम्म चलेको महोत्सव १० हजार जनाले अवलोकन गरेको संग्रहालयकी प्रमुख कार्यकारी अधिकृत निर्मला न्यौपानेले जानकारी दिइन्।

त्यसबाहेक महोत्सवमा छेलो प्रतियोगिता, जिपलाइन, दोहोरी गीत पनि समावेश गरिएको थियो। छेलो प्रतियोगितामा किरण सुनार पहिलो, युवराज गुरुङ दोस्रो र राजेश गुरुङ तेस्रो बने। उनीहरुले क्रमशः १५, १० र ५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका थिए।

## व्यापार मेलामा ग्यास दुर्घटनाबारे जनचेतना

**पोखरापत्र संवाददाता**
पोखरा, २६ मंसिर

गएको फागुनको पहिलो हप्ता कांग्रेस नेता तथा प्रतिनिधिसभाका सांसद चन्द्र भण्डारीको घरमा दुःखद घटना भयो। खाना पकाउने एलपी ग्यास चुहिँदा भएको दुर्घटनाले चन्द्र भण्डारीकी आमा हरिकला भण्डारीको निधन भयो। नेता भण्डारी लामो उपचारपछि तंग्रिएर राजनीतिमा सक्रिय भएका छन्।

सो दुर्घटनापछि ग्यासको सुरक्षित प्रयोग, ग्यास सिलिण्डरको गुणस्तरसँगै आगोले पोलेपछि हुने उपचारबारे राष्ट्रिय बहस सुरु भयो। सो दुःखद घटनाले प्रज्ज्वलनशील पदार्थको प्रयोग गर्दा होसियारी अपनाउनुपर्छ भन्ने सन्देशचाहिँ प्रवाह गर्‍यो। आगोले पोलेपछिको उपचारको लागि बर्निङ केयर सेण्टर निर्माणको कुरा पनि उठ्यो। तर,निर्माण कहिले हुने हो पत्तो छैन।

तथ्याङ्क के भन्छ भने, पछिल्ला

बाँकी अन्तिम पृष्ठमा ▶▶

## अबैध रुपमा प्राकृतिक दोहन गर्ने ५६ वटा सवारी साधन प्रहरी नियन्त्रणमा

**पोखरापत्र संवाददाता**
पोखरा, २५ मंसिर

कास्कीमा अबैध रुपमा प्राकृतिक दोहन गर्ने ५६ वटा सवारी साधनलनाई कास्की प्रहरीले नियन्त्रणमा लिएको छ।

कास्की जिल्ला अन्तर्गत विभिन्न स्थानमा प्राकृतिक नदिजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गरी फर्जी बिल समेत बनाई चोरी निकासी गर्दै गरेको अबस्थामा प्रहरीले ५६ वटा सवारी साधनलाई नियन्त्रणामा लिएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी प्रवक्ता डिएसपी श्रवणकुमार बि.क.ले बताउनु भयो। अवैध रुपमा प्राकृतिक दोहोन भएको स्थानीय जनगुनासो तथा सूचनाको आधारमा प्रहरी टोलीले आज (मंगलबार) अवैध रुपमा नदिजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा, ओसार-पसार गर्ने, भ्याट्बिल नभएका, कागजपत्र नभएका, फर्जिबिल बनाएका बिभिन्न ५६ वटा सवारी साधनहरु (ट्रक, टिप्पर, ट्याक्टर) नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागी पोखरा महानगरपालिकाको नगर कार्यपालीकाको कार्यालयमा पठाईएको हो।

नदिजन्य सामाग्री ढुवानी गर्ने व्यवसायीहरुलाई महानगरपालिकाले आजनै सूचना जारी गरेको छ। पोखरा महानगरपालिका क्षेत्रभित्र अवैध रुपमा नदिजन्य सामाग्री ओसार पसार तथा विक्रि वितरण भएको पाइएकोले मंगलबार सुरक्षा निकायका प्रमुख समेतको उपस्थीतिमा भएको छलफलबाट अनिवार्य रुपमा विल/विजक जारी गरी ढुवानी गर्न चेतावनी दिइएको छ।

त्यसै गरी मिति, समय, ढुवानी हुने सवारी साधन नं र विल नं खुलेको चलानी पुर्जा चालकसंग अनिवार्य रुपमा हुनुपर्ने, भ्याट/प्यान नं स्पष्ट भएको विल हुनुपर्ने, पोखरा महानगरपालिका संग आय ठेक्का सम्झौता भएका घाटहरुको सम्बन्धमा क्रसर उद्योग सम्म नदिजन्य सामाग्री ढुवानी गर्दा महानगरपालिकाबाट जारी भएको कार्यदिशा र चलानी पुर्जा अनिवार्य रुपमा साथमा हुनुपर्ने भएको छ।

त्यस्तै क्रसरहरुले बिक्रि गर्दा अनिवार्य रुपमा विल/विजक जारी गरी ढुवानी गर्नुपर्ने, नदिजन्य सामाग्री विक्रि गर्ने डिपोहरुबाट ५० लाख सम्मको बार्षिक कारोवार गर्ने भएमा प्यान विल जारि गर्न पाइने र सो भन्दा माथिको कारोवार हुने भएमा भ्याट विल जारी हुनुपर्ने महानगरले निर्देशन जारी गरेको हो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा माविस्तरिय प्याब्सन स्पोर्टस मिट जारी

पोखरापत्र संवाददाता
पोखरा, २६ मंसिर

निजि तथा आवाशिय विद्यालयहरुको छाता संस्था प्याब्सन कास्कीद्वारा आयोजित माविस्तरिय कक्षा ९-१२ लक्षित 'प्याब्सन स्पोर्टस मिट' पोखरा रंगशालामा दोश्रो दिन पनि जारी रहेको छ।

बुधबारसम्म सञ्चालन हुने स्पोर्टस मिट अन्तर्गत छात्र/छात्रा भलिबल, छात्र/छात्रा बास्केटबलका दोश्रो चरणका खेलहरु सम्पन्न भएका छन् भने टेबुल टेनिस छात्र/छात्राको फाइनल खेल सम्पन्न भएको प्याब्सन कास्कीले जनाएको छ। प्रतियोगिता अन्तर्गत मंगलबार छात्र भलिबलतर्फ स्पाइरल ग्यालेक्सीले करुणानिधी मावि संग भिड्ने छ भने अर्को सेमीफाइनलमा पश्चिमाञ्चलले गुरुकुलको सामना गर्ने भएको भलिबल प्रतियोगिताका संयोजक मोहनलाल पौडेलले जनाएका छन्। सम्पन्न क्वाटरफाइनलमा स्पाइरल ग्यालेक्सीले सोसल पब्लिकलाई २५-१६, २५-१७ ले, केफले रेन्वोलाई २५-२३, २५-१४ ले, पश्चिमाञ्चलले ताराकुञ्जलाई २५-१६, २५-२२ ले तथा टप्स माविले वाकओभर दिंदा गुरुकुल माविले अन्तिम चारमा स्थान बनाएको हो। त्यस्तै छात्रा भलिबलतर्फ गुरुकुल र प्रतिभा



मावि उपाधिका लागि भिड्नेछन्। भलिबल छात्रातर्फको सेमीफाइनलमा प्रतिभाले स्टेपवाई स्टेपलाई २५-११, २५-१६ को सोझो सेटले तथा गुरुकुलले केफलाई २५-१२, १९-२५ र २५-२२ ले पराजित गरेका थिए। त्यस्तै मंगलबार सम्पन्न छात्रा बास्केटबलमा मेरीगोल्ड मावीले तेश्रो स्थान प्राप्त गरेको छ। मेरीगोल्डले माउन्ट अन्नपूर्ण माविलाई २२-६ को स्कोरले पराजित गरेको हो। त्यस्तै फाइनलमा ग्लोबल कलेजियट र प्रतिभा मावि भिड्ने भएका छन्। ग्लोबलले माउन्ट अन्नपूर्णलाई २६-१० को स्कोरले पराजित गरि फाइनलमा स्थान बनाउँदा प्रतिभाले मेरीगोल्डलाई १७-७ ले पराजित गरि उपाधि नजिक पुगेको बास्केटबल प्रतियोगिताका संयोजक विधान गौतमले जानकारी दिए। छात्र बास्केटबलमा प्रतिभा माविले सेमीफाइनलमा स्थान पक्का गर्दा माउन्ट अन्नपूर्ण र मनकामना माविले समेत अन्तिम चारमा स्थान पक्का गरेका छन्। क्वाटरफाइनलको एक खेल बाँकी हुँदा तिन विद्यालयहरु अन्तिम चारमा प्रवेश गरेको आयोजकले जनाएको छ। बुधबार सेमीफाइनल र फाइनलका खेलहरु सम्पन्न हुनेछन्। टेबुल टेनिस खेलतर्फ सम्पन्न छात्र सिंगल्स फाइनलमा स्टेप वाई स्टेपका सुलभ केसी पहिलो हुँदा, सबलाइमका अमन पौडेल दोश्रो, बालप्रभातका सदिश अर्याल र ग्लोबलका प्रज्वल थापा तेश्रो भएका छन्। छात्रा सिंगल्स फाइनलमा सगरमाथाकी सेजल बानियाँ पहिलो, टप्सकी सम्पदा अर्याल दोश्रो, केफकी समृद्धि अधिकारी र ग्लोबलकी रोजिना गुरुङ तेश्रो भएका छन्। त्यस्तै टेबुल टेनिस डबल्स छात्रतर्फ स्टेप वाई स्टेपका सुलभ केसी र प्रवेश पौडेलको जोडी पहिलो हुँदा टप्सका मुकेश थापा र धनेश घलेको जोडी दोश्रो तथा सगरमाथाका इशान बराल र सुक्रितिया सिग्देलको जोडी एवं रेन्वोका इशान थापा मगर र शिवशक्ति गुरुङले तेश्रो स्थान हात पारेका छन्। त्यस्तै छात्रातर्फ केफका सभ्यता अधिकारी र समृद्धि अधिकारीको जोडि पहिलो, सगरमाथाकी सेजल बानियाँ र राधिका जैशी दोश्रो, ग्लोबलकी रोजिना गुरुङ र सृष्टि गुरुङ तथा टप्सकी सम्पदा गुरुङ र सम्झना नेपालीले तेश्रो स्थान हात पारे। स्पोर्टस मिट अन्तर्गत छात्र-छात्रा भलिबल, छात्र-छात्रा बास्केटबल र छात्र-छात्रा टेबुल टेनिसका खेलहरु जारी रहेका मध्ये टेबुल टेनिसका खेलहरु सम्पन्न भएको स्पोर्टस मिट प्रचार प्रसार संयोजक डिल्लीराम अर्यालले जानकारी दिएका छन्। स्पोर्टस मिटमा छात्र भलिबलमा २२ टिम र छात्रातर्फ १३, बास्केटबल छात्रतर्फ २५ टिम र छात्रातर्फ १२, यसै गरी टेबुल टेनिस छात्र सिंगल्समा २६ र छात्रा तर्फ २४, टेबुल टेनिस छात्र-छात्रा डबल्समा १४-१४ टिमको सहभागिता रहेको थियो। भलिबल र बास्केटबलको फाइनल खेल भोली बुधबार भए सँगै समापन कार्यक्रम आयोजना हुने प्याब्सन कास्कीका सचिव पुष्पराज पराजुलीले जानकारी दिएका छन्।

# गिद्ध संरक्षणको सन्देश दिन नाटक

पोखरापत्र संवाददाता
पोखरा, २६ मंसिर

पोखरामा जारी अन्तर्राष्ट्रिय पर्वतीय महोत्सवमा प्रदर्शित नाटक 'मौन पक्षी : प्रकृतिको वरदान'ले पक्षीप्रेमी दर्शकको मन जित्यो। पोखरा वन विज्ञान अध्ययन संस्थानका विद्यार्थीले अभिनयमार्फत सङ्टापन्न पक्षी गिद्ध संरक्षणको सन्देश दिए।

पक्षी संरक्षण सङ्घ, पोखरा शाखाका संयोजक प्रवेश पाण्डेले महोत्सव अवधिभर तीनपटक नाटक प्रदर्शन गरिएको बताउनुभयो। प्रकृतिको कुचिकार भनेर चिनिने गिद्धको संरक्षणमा जुट्न समुदायलाई प्रेरित गर्ने उद्देश्यले नाटक प्रदर्शन गरिएको उहाँको भनाइ छ। "गिद्ध संरक्षणमा चुनौती के-के हुन्, तिनको सामना गरेर कसरी गिद्धलाई जोगाउन सकिन्छ भन्ने नाटकको मुख्य विषयवस्तु रहेको छ", संयोजक पाण्डेले भन्नुभयो, "नवलपुरमा हुने राष्ट्रिय चरा महोत्सवलगायत अरू मञ्चमा पनि नाटक प्रदर्शन गर्ने हाम्रो तयारी छ।" नाटकको कथा लेखन र निर्देशन आफैँले गरेको संयोजक पाण्डेले सुनाउनुभयो। नाटकमा अभियन गर्ने कलाकार पक्षी संरक्षण सङ्घमा समेत आबद्ध छन्। उनीहरू चरा संरक्षणको अभियानमा क्रियाशील छन्। गिद्धका लागि उपयुक्त बासस्थान मानिने पोखरामा नेपालमा पाइने अधिकांश प्रजातिका गिद्ध पाइने संयोजक पाण्डेले बताउनुभयो।

"सन् १९९० को दशकमा लाखौँको सङ्ख्यामा रहेको गिद्ध बीचमा एकाएक लोप हुने अवस्थामा पुगेको थियो, सरकार र समुदायस्तरबाट संरक्षणको पहल भएपछि अहिले फेरि गिद्धको सङ्ख्या बिस्तारै बढ्दो क्रममा छ", संयोजक पाण्डेले भन्नुभयो, "हानिकारक विषादी, विद्युतीय तारबाट जोगाउने र बासस्थानको सुरक्षा गर्न सकियो भने गिद्ध संरक्षणमा ठूलो टेवा पुग्छ।" घरपालुवा पशुचौपायाको उपचारमा प्रयोग गरिने 'डाइक्लोफेनेक' नामक औषधिका कारण व्यापक सङ्ख्यामा गिद्धहरू मरेको पाइएपछि सरकारले उक्त औषधिमा रोक लगाएको उहाँले उल्लेख गर्नुभयो। "डाइक्लोफेनेक औषधि खुवाइएका पशुचौपायाको सिनो खाँदा गिद्धको मिर्गौलामा असर गर्ने अनुसन्धानबाट पुष्टि भएपछि उक्त औषधिको प्रयोगमै रोक लगाइको छ", संयोजक पाण्डेले भन्नुभयो, "नाङ्गा विद्युतीय तारमा बस्दा पनि गिद्धहरू मरेको पाइएको छ, गिद्धको बासस्थान पनि खुम्चँदै गएको छ।" गिद्ध ठूला र अग्ला सिमलका रूखमा बस्न रुचाउने हुँदा त्यस्ता रूख मानिसबाट जोगाउनुपर्ने उहाँको भनाइ छ। विज्ञहरूका अनुसार पश्चिम नेपालको तराई र मध्यपहाडको वन गिद्धको उपयुक्त बासस्थान मानिन्छ। नेपालमा हाडफोर, सेतो डङ्गुर, सानो खैरो, खैरो, हिमाजी, राज, सुन र लामो ठुँडे गरी नौ प्रजातिका गिद्ध पाइने संयोजक पाण्डेले बताउनुभयो।

तीमध्ये डङ्गुर, सानो खैरो, सुन र लामो ठुँडे गिद्ध अतिसङ्कटापन्न, सेतो गिद्ध सङ्कटापन्न, हिमाली, हाडफोर गिद्ध सङ्कटको नजिक र खैरो गिद्ध सामान्य अवस्थामा रहेको बताइन्छ। पोखरा वन विज्ञान संस्थानकी विद्यार्थी आयुषा बोगटीले पर्यावरण र पक्षी संरक्षण अभियानको सदस्य बन्न पाउँदा गौरव लागेको बताउनुभयो। अन्तर्राष्ट्रिय पर्वतीय महोत्सवमा गिद्ध संरक्षणको मुद्दालाई नाटकका माध्यमबाट समावेश गरिएको उहाँको भनाइ छ। "गिद्धलाई प्रकृतिको कचिकार पनि भनिन्छ, वातावरण प्रदूषण र दुर्गन्ध रोक्न पनि गिद्धको ठूलो भूमिका रहन्छ", अभियानकर्मी बोगटीले भन्नुभयो, "सिनोबाट फैलिने पखाला, हैजा, आउँ जस्ता रोग नियन्त्रणमा पनि गिद्धले सहयोग पुऱ्याउँछ।"

# व्यापार ...

दिनहरुमा ग्यासबाट हुने दुर्घटना बढ्दो छ। सामान्य असावधानीका कारण पनि ठूला क्षतिहरु भइरहेका छन्। प्रहरीको तथ्यांक अनुसार पछिल्लो ३ वर्षमा देशभर १० जनाको मृत्यु ग्यास दुर्घटनाकै कारण भएको छ। ४५ जना घाइते भएका छन्। यही अवधिमा ३६ घटना भएका छन्। त्यसमध्ये ३४ वटा घटना ग्यास लिक भएको छ भने २ वटा विस्फोट भएको छ। दैनिक चलाउने ग्यासबारे धेरैलाई धेरै कुराको ज्ञान छैन। एलपी ग्यास महासंघका बरिष्ठ सल्लाहकार धर्मराज बर्तौला ग्यास कम्पनीसँगै सरकारले पनि सचेतनाका कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता देख्छन्। व्यवसायीहरुले चाहिँ आफ्नो तर्फबाट सक्दो जानकारी पस्किरहेको उनको जिकिर छ। यही सिलसिलामा उनको स्वामित्वमा गृहलक्ष्मी ग्यास कम्पनी प्रालिले पोखराको नयाँबजारमा जारी राष्ट्रिय औद्योगिक व्यापार मेलामा स्टल नै राखेर उपभोक्तालाई ग्यासबाट हुन सक्ने क्षति र दुर्घटनाबारे सचेतनामूलक कार्यक्रम गरिरहेको छ। ग्यास दुर्घटनाका कारण र जोगिने उपायबारे उपभोक्तालाई सचेत गराउनकै लागि यो अभियान थालिएको बर्तौलाको भनाइ छ। 'खास कम्पनीको काम व्यापार गर्ने हो। तर, हामी हाम्रा उपभोक्ताको जीवनप्रति पनि गम्भीर छौं। उनीहरुको सचेतनाको जिम्मा हाम्रो हो,' अध्यक्ष बर्तौलाले भने,' बजारमा ग्यास किन्दा कतिपय ग्राहकहरु ठगिनुभएको छ। गलत व्यक्तिहरुले ग्यास बेचिरहेका छन्। ती सबै विषयको जानकारी मेलामा आउने दर्शकलाई दिएका छौं।' ग्यास प्रयोग गर्दा हुनसक्ने दुर्घटनाबाट बँच्न कम्पनीले अन्य समयमा पनि समुदाय स्तरमा प्रदर्शन गर्दै आएको उनले सुनाए। 'टोलहरुमा पनि गएका छौं। त्यहाँ सानो समुदायमा सचेत गराइएको छ। तर, मेलामा आउने दर्शक लाखौं हुन्छन्। उनीहरुलाई लक्षित गरेर मेलामा स्टल राखिएको हो,' उनी अघि भन्छन्, 'ठूलो समूहमा एकैपटक सन्देश प्रवाह गर्न महोत्सव रोजेका हौं। यो हाम्रो सामाजिक उत्तरदायित्व पनि हो।' ग्यास दुर्घटनाको प्रमुख कारण ग्यास चलाउने विधिबारे उपभोक्तामा ज्ञान नहुनु नै रहेको बताउँछन् बर्तौला। 'कतिपय उपभोक्तालाई ग्यास कसरी चलाउने भन्ने जानकारी छैन। जानकारी भएकाहरु पनि तत्काल आइपर्ने समस्याबाट अत्तालिनुहुन्छ,' उनले भने, 'कमसेकम सचेत बनाउन सकियो भने ठूला जोखिम र क्षतिबाट जोगाउन सकिन्छ नि। यो सिकाउने हाम्रो दायित्व पनि हो।' पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापति व्यापार मेला भनेपनि सबै स्टल व्यापारका लागि मात्रै नभएको बताउँछन्। 'औद्योगिक व्यापार मेला हो। तर सबै स्टल व्यापारका लागि मात्रै छैनन्। गृहलक्ष्मी जस्ता कम्पनीहरुले स्टल किनेर नागरिकलाई सचेत गराएको छ,' उनले भने, 'आजभोलि पैसा र समय खर्च गरेर अरुको हितमा काम गर्ने पाउन मुश्किल छ। तर हाम्रा उद्योगी व्यवसायीले त्यही गर्नुभएको छ।'




जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं

◆सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं।
◆घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं।
◆कुहिने, नकुहिने र पुनःप्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं।
◆कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं।
◆नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं।
◆खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं।

*शहर तथा गाउँ स्वच्छ र सफा राखौं।*


नेपाल सरकार
विज्ञापन बोर्ड

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

## सम्पादकीय

# शान्तिपूर्ण राजनितिक अभियानलाई सघाऊ

नेपाल कम्युनिस्ट पार्टी (एमाले)को संकल्प यात्रामा अवरोध पुर्याउन कोसी प्रदेश नामाकरणमा असहमत पक्षले बन्द आयोजना गरेपनि मंगलबारको कार्यक्रम सम्पन्न भएको छ। एमालेको पूर्वघोषित कार्यक्रम रोक्न बन्द आब्हान गरेका पहिचान पक्षले बाटोमा रुख काटेर छैक्ने, ढुङ्गाको पर्खाल लगाउने काम गरेका थिए। सुरक्षाकर्मीले बाटोमा राखिएका अबरोध हटाएकोले कार्यक्रममा कुनै अप्रिय घटनाभएन। अबरोध गर्न खोज्नेलाई प्रहरीले पक्राउ गरेको छापक्राउ परेकालाई रिहाइको माग गर्दै बन्द र संकल्प यात्राको कार्यक्रम अबरोध पुर्याउने घोषणा फिर्ता भएको छैन ।

एमालेले मंसीर १४ गते पश्चिमको बैतडीको झुलाघाटदेखि सुरु गरेको मध्यपहाडी पुष्पलाल लोकमार्ग केन्द्रित 'संकल्प यात्रा'का क्रममा विभिन्न जिल्लाका कार्यक्रम सकेर पूर्वको कोसीमा पुगेको छ। विभिन्न जिल्लामा भएका सभा र कार्यक्रमहरू शान्तिपूर्ण रहेका छन् । एमालेका नेता कार्यकर्ता सम्मिलित सकल्प यात्रा पुस २ गते सकिनेछ । कोसी नामाकरणसँग असहमत पक्षले पबन्दलगायतका कार्यक्रम तय गरेर एमालेको अभियानलाई बिथोल्न खोजेको देखिन्छ।। प्रदेश नम्बर १ को नामाकरण कोसी गरिँदा त्यस भूभागका बासिन्दाको मौलिक पहिचान गुम्ने भन्दै आफूलाई 'पहिचानवादी' भन्ने त्यस क्षेत्रका विशेषगरी पहाडी जनजातिहरू आन्दोलित हुँदैआएका छन् । एमालेको अभियानलाई जिल्ला जिल्लामा जनजातिले झाँकी सहित स्वागत गरेका छन।एमालेले पनि जनजातिका अगुवा कार्यकर्ता परिचालन गरेको छ। कोशी प्रदेश सभामा एमाले सबे भन्दा ठूलो दल हो। प्रदेशको कोसी नामाकरण पनि एमाले नेतृत्वकै सरकारको कार्यकालमा भएको थियो । नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) र राप्रपाका सदस्यहरूले कोसी नामाकरण गर्ने प्रस्तावमा सरकारलाई साथ दिएका थिए ।

सबै प्रमुख दलकै सहमतिमा नामाकरण गरिएको भए पनि त्यसविरुद्ध आन्दोलन चर्केपछि माओवादी केन्द्रले कोसी नामाकरणमा सहमत हुनु गलत भएको स्वीकार गरेको छ । कांग्रेस भने सत्ताको प्रमुख साझेदार मावादी केन्द्रलाई नचिढ्याउने मनसाय देखाएर लगभग मौन बसेको छ । पहिचानका पक्षधरहरू एमालेप्रति बढी आक्रामक देखिन्छन एमाले केन्द्र देखि सबै प्रदेशमा प्रतिपक्षमा छाप्रतिपक्षमा भएको एमालेको राजनीतिक प्रतिवाद गर्न उसका कार्यक्रम बिथोल्न खोज्नु अधिनायकवादी मानसिकताको परिचायक हो । यसैले 'पहिचानवादी'हरूले शन्तिका लागि संयमित हुनुपर्छ ।

कुनै पनि पक्षको एकअर्कासँग असहमत हुने र आआफ्नै शैलीमा शान्तिपूर्ण समर्थन वा विरोध जनाउने स्वतन्त्रता संविधानले नै प्रत्याभूत भएको छ । सरकारले उनीहरूको अधिकारको रक्षा गर्नुपर्छ । यसका लागि सरकारले चुस्त र सुदृढ सुरक्षा व्यवस्था मिलाउनुपर्छ। एमालेका नेताहरूले पनि पहिचानवादीलाई होच्याउने र चिढ्याउनेअभिव्यक्ति दिनु हुँदैन । पहिचानवादीका कुरा सुनेर संवादमा ल्याउने वातावरण बनाउन संयम र लचकता देखाउनु पर्दछ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : आर्थिक समस्या |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाब |
| सिंह | : मन चञ्चल | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# तनहुँ कारागारमा पानी अभाव

**पोखरापत्र संवाददाता**
तनहुँ, २६ मंसिर

जिल्ला कारागार तनहुँमा पानीको अभाव भएको छ । कारागारमा दैनिक ३५ हजार लिटर पानीको आवश्यक पर्नेमा हाल दैनिक २० हजार लिटरमात्रै आपूर्ति भइरहेको छ ।

पानी अभावमा कैदीबन्दीलाई समस्या भएको कारागारका निमित्त प्रमुख नारायण अधिकारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "दैनिक आवश्यकताभन्दा १५ हजार लिटर कम पानी आपूर्ति हुँदा कैदीबन्दीलाई समस्या परिरहेको छ ।" मादी नदीको किनारमा इनार खनेर पानीको व्यवस्थापन गरिँदै आएकामा केही महिनायता नदीको गहिराइ बढेर इनारमा पानी कम भएपछि पानीको आपूर्तिमा कमी आएको उहाँ भनाइ छ । उहाँले भन्नुभयो, "अब पानीको आपूर्ति बढाउन नयाँ इनार खन्नुपर्ने मात्र विकल्प छ । अहिले जाडोको समयमा पानी अभावले धेरै असर नगरे पनि गर्मीयाम सुरु भएपछि समस्या हुन्छ ।" जाडोयाममै पानीको आपूर्ति बढाउने विकल्प तयार गर्नुपर्ने अवस्था रहेको उहाँ बताउनुभयो । कारागार निरीक्षणका लागि सोमबार पुग्नुभएका तनहुँका निमित्त प्रमुख जिल्ला अधिकारी कमलराज भण्डारीसमक्ष कारागारप्रमुखअधिकारीलेपानीको व्यवस्थाका लागि अहिलेबाटै काम गर्नुपर्ने विषय अवगत गराउनुभएको छ । निमित्त प्रजिअ भण्डारीले पानीको समस्याका बारेमा कारागार व्यवस्थापनविभागरगृहमन्त्रालयमा लेखी पठाउने जानकारी दिनुभयो ।मादी नदीबाट ल्याइएको पानी नुहाउन, लुगा धुन, सरसफाइ तथा शौचालयका लागि उपयोग गरिन्छ । पिउनका लागि भने कारागारभित्र दमौली खानेपानी तथा उपभोक्ता संस्थामार्फत चारवटा धारा जडान गरिएको छ । कारागारमा महिला र पुरुष गरी तीन सय दुई कैदीबन्दी छन् । महिलातर्फ २० र पुरुषतर्फ एक सय १४ जनाको क्षमता रहेकामा महिलातर्फ २२ र पुरुषतर्फ दुई सय ८० कैदीबन्दी छन् । करागारका निमित्त प्रमुख अधिकारीका अनुसार महिला कारागारमा आमासँग तीन बालिका पनि छन् । कारागारमा जबर्जस्ती करणी मुद्दाका ८६, लागुऔषध मुद्दाका ५६, कर्तव्य ज्यान मुद्दाका ५३, चोरीका २७, सवारी ज्यानका १९ जना कैदीबन्दी छन् ।

# मनाङको तापक्रम माइनस १६, स्थानीय बेँसी झर्न थाले

**पोखरापत्र संवाददाता**
मनाङ, २६ मंसिर

जाडो बढेसँगै हिमाली जिल्ला मनाङको तापक्रम दैनिक घट्दै गएको छ । मङ्सिरको अन्तिम साता आइपुग्दा यहाँको तापक्रम घटेर माइनस १६ डिग्री सेल्सियस पुगेको छ । बिहानीपखको तापक्रम माइनस आठदेखि १० को हाराहारीमा भए पनि रातिमा करिब माइनस १६ देखि १८ डिग्रीसम्म पुग्ने गरेको छ ।

प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानेका अनुसार मनाङ सदरमुकाम चामे आसपासका क्षेत्रमा माइनस १६ देखि १८ डिग्रीसम्म पुग्ने गरेको छ । तापक्रम मापन गर्दा अत्यन्त कम देखाउँदै गएको उहाँले बताउनुभयो । जसका कारण यहाँको जनजीवन कष्टकर बन्दै गएको उहाँले बताउनुभयो ।

प्रजिअ लामिछानेले भन्नुभयो, "चिसोले धारामा पानी जमेको छ भने खोलानालामा पनि पानी जम्दै गएको छ । बाटोमा हिउँ छ । सवारीसाधनको आवतजावत न्यून मात्रामा छ । पिउने पानी जोहो गर्नै मुस्किल हुन थालेको छ ।" चिसो बढ्दै जाँदा यहाँका पूर्वाधार निर्माणका काम ठप्प भएको प्रजिअ लामिछानेले जानकारी दिनुभयो । चामे गाउँपालिकाले सूचना जारी गरी विकास निर्माणमा प्रयोग हुने सिमेन्टजन्य काम नगर्न आग्रह गरेको छ । निमित्त प्रमुख प्रशासकीय अधिकृत नमनारायण मल्लले चिसोका कारण सिमेन्टसँग सम्बन्धित निर्माण कार्यमा समस्या हुने भएकाले काम बन्द गर्न भनिएको बताउनुभयो । पूर्वाधार कार्यालय मनाङका प्रमुख जय विष्टले भन्नुभयो, "चिसो अत्यधिक छ । त्यसैले सिमेन्टजडित कार्य ठप्प भएको छ । योजनाको नापजाँच, परीक्षणको काम गरिरहेका छौं ।" पहिलो हिमपात हुनासाथ यहाँका शैक्षिक संस्था बन्द भएका छन् । शैक्षिक संस्था बन्द भएपछि यहाँका अधिकांश स्थानीय जाडो छल्न जिल्लाबाहिर गएका छन् । यहाँका स्थानीय लमजुङ, काठमाडौं, पोखरातर्फ झर्ने क्रम जारी रहेको छ । चिसोका कारण स्थानीय तल झरेपछि नार्पाभूमि गाउँपालिकामा रहेका दुई प्रहरी चौकी सदरमुकाम सारिएको प्रजिअ लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार नार्पाभूमिका अत्यावश्यक कामकाजका लागि सदरमुकामस्थित चामे गाउँपालिका–३ कोतोमा अस्थायी कार्यालय स्थापना गरी सेवा प्रवाह भइरहेको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इकाई कार्यालय मनाङका प्रमुख ढकबहादुर भुजेलले चिसो बढिरहेको अवस्थामा पनि पर्यटकको आगमन भइरहेको बताउनुभयो । 'सिजन'मा भन्दा पर्यटकको आगमन कम भए पनि आउने क्रममा जारी रहेको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "चिसोमा पनि दैनिक १५ देखि २० पर्यटक आएका छन् । बाटोमा केही मात्रामा हिउँ छ । हिउँ खेल्दै रमाउँदै पर्यटक थोराङ्ला भञ्ज्याङ, तिलिचो तालतर्फ जाने आउने भइरहेको छ ।" माथिल्लो क्षेत्रमा रहेका होटल व्यवसायी पूर्ण रूपमा बन्द नभएको भुजेलले जानकारी दिनुभयो । पर्यटकलाई मौसमसम्बन्धी जानकारीका साथै बाटोमा हुनसक्ने जोखिमलाई मध्यनजर गरी यात्रा गर्न सुझाव दिँदै आएको उहाँले बताउनुभयो । मनाङ डिस्याङ गाउँपालिका–५ भ्राकाका किसान सोनाम लामाले धेरैजसो गाउँले तल झरेका बताउनुहुन्छ । आफूहरू घर कुर्ने र याकचौँरी हेर्न घरमै बसेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "चिसोमा माउ चौँरी र युवा अवस्थाका याकलाई खुवाउन र बचाउन सजिलै हुन्छ । तर, चिसोमा बच्चालाई जोगाउन भने मुस्किल हुन्छ । ठूला पशुचौपायले पानी, घाँस आफैँ खोज्न सक्छन् ।" "लामो समयसम्म हिमपात भयो भने अलिअलि जम्मा गरेर राखेको घाँस सकिन्छ र खान नपाई दुब्लाएर मर्ने गर्छन् । जाडो मौसममा बच्चालाई गोठ बनाएर राखिन्छ भने हिउँ बढी परे पनि ठूला पशुचौपायलाई हिउँमै छाड्नुपर्छ । जाडोमा घाँस कम हुने भएकाले दूध पनि कम हुने हुँदा बच्चालाई मात्र पुग्छ । हामीले यो समयमा दूध दुहुँदैनौँ", उहाँले भन्नुभयो, "लेकका खर्कबाट गाउँघर नजिक याकचौँरी ल्याइन्छ । नावर पनि याकचौँरीसँगै अलि तल नै झर्छन् । जसले गर्दा हिउँ चितुवा पनि पशुचौपाया नजिकै आहाराका लागि आउने गर्दछन् । यसबाट जोगाउन पनि हामी यहाँ बस्नुपर्ने हुन्छ ।" यहाँ फागुनको पहिलो सातादेखि खेतीपातीको समय सुरु हुन्छ । त्यसबेला बेँसीमा झारिएका गोठ लेकका खर्कतर्फ लैजाने गरिन्छ । हाल जिल्लाभर चार हजार तीन सय ९७ याकचौँरी रहेका भेटेरिनरी अस्पताल तथा विज्ञ केन्द्रका प्रमुख नरेन्द्र राईले जानकारी दिनुभयो । जाडो कम हुँदै गएपछि यहाँका स्थानीय पनि घर फर्कन थाल्छन् ।

# कृषिउपज बजारीकरणमा प्रभावकारी बन्दै हाटबजार

**पोखरापत्र संवाददाता**
तनहुँ, २६ मंसिर

तनहुँको आँबुखैरेनी गाउँपालिका–५ छिम्केश्वरीका कृषक लक्ष्मण गुरुङले गाउँमा उत्पादित साग सहजै बजारसम्म लगेर बिक्री गरिरहनुभएको छ । जिल्लाकै उच्च भागमा अवस्थित छिम्केश्वरीमा उत्पादन भएको रायोको सागको बजारीकरणमा कुनै समस्या नरहेको गुरुङको भनाइ छ ।

यहाँ उत्पादन भएको सागको बजार माग बढी हुँदा कृषकलाई मागअनुसार पुऱ्याउन कठिनाइ भएको उहाँले बताउनुभयो । आँबुखैरेनी गाउँपालिकाले वडा नं ३ मा हाटबजार सञ्चालनमा ल्याएपछि यस क्षेत्रका कृषकलाई कृषि उपजहरू बजारीकरणका लागि सजिलो भएको गुरुङले बताउनुभयो ।

उहाँले भन्नुभयो, "गत वर्षको फागुनदेखि हाटबजार सञ्चालनमा आएपछि कृषि उपज सामग्री बजारीकरणको माध्यम हाटबजार बनेको छ । हाटबजारबाटै कृषि उपज सामग्री बिक्री गर्न पाउँदा उपभोक्तालाई पनि सजिलो भएको छ ।" छिम्केश्वरीमा उत्पादित सामग्रीको माग उच्च हुन थालेपछि यहाँका कृषक हर्षित भएको उहाँको भनाइ छ । मह उत्पादक कृषक शेरबहादुर गुरुङले उत्पादित महले बजार नपाउने हो कि भन्ने समस्याको अन्त्य भएको बताउनुभयो । उहाँले भन्नुभयो, "मह कहाँ लगेर बेच्ने भन्ने चिन्ता छैन, हाटबजारबाटै छोपाछोप हुन्छ । कृषकका लागि हाटबजार कृषि सामग्री बेच्ने माध्यम बनेको छ ।" स्थानीय कृषक सङ्गीता गुरुङ, तिलबहादुर गुरुङ, आयमान गुरुङ र डिलकुमारी भुजेलले उत्पादित कृषि सामग्री बिक्री नभए गाउँपालिकाले खरिद गरिदिने निर्णय गरेपछि आफूहरू झन् उत्साहित भएको बताउनुभयो । आँबुखैरेनीगाउँपालिकालेगतवर्षको फागुनदेखि सञ्चालन गरेको हाटबजार कृषकको सहयोगी बनेको त छ नै उपभोक्तालाई पनि एकैठाउँमा फरक फरक कृषि सामग्री खरिद गर्न सजिलो भएको छ । गाउँपालिकाले दश वर्षका लागि जग्गा भाडामा लिएर हाटबजार सञ्चालन गरेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । वार्षिक रु दश लाख ५० हजार भाडा तिर्ने गरी गाउँपालिकाले जग्गा भाडामा लिएको थियो । गाउँपालिकाका जुनसुकै वडाका कृषकले पनि आफूले उत्पादन गरेका सामग्री यहाँ ल्याएर बेच्न सक्ने उहाँले बताउनुभयो ।

किसानले उत्पादन गरेका सामग्री बिक्री नभए गाउँपालिकाले जिम्मा लिने निर्णय गरेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "गाउँपालिकाले सञ्चालन गरेको हाटबजारमा छिम्केश्वरीका सामग्रीको माग उच्च भएको पाएका छौँ । किसानले ल्याएको सामग्री बिक्री नभए हामी खरिद गरिदिन्छौँ ।" यसले गर्दा कृषकलाई कृषि पेसामा लाग्न प्रेरणा मिल्ने र गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन सहयोग पुग्ने चुमानको भनाइ छ ।

हाटबजारमा प्रत्येक शुक्रबार कृषकले उत्पादन गरेका सामग्री बिक्रीका लागि राखिन्छ । स्थानीयस्तरमा उत्पादित कृषि सामग्री सहज रूपमा बिक्री वितरण गर्न सहज होस् भन्ने उद्देश्यसहित हाटबजार सञ्चालन गरिएको गाउँपालिकाले जनाएको छ । हाटबजारमा छिम्केश्वरीमा उत्पादित उपजहरू यहाँका सर्वसाधारणको रोजाइमा पर्न थालेको छ । समुन्द्री सतहबाट दुई हजार एक सय ३४ मिटर उचाइमा अवस्थित छिम्केश्वरीमा उत्पादित साग, मह, गुन्द्रुक, दाललगायत सर्वसाधारणको रोजाइमा परेको हो ।

छिम्केश्वरीका कृषकले हाटबजारबाट एकै दिन रु एक लाख ७८ हजार छ सयको कृषि सामग्री बिक्री वितरण गरेका छन् । सो वडाका अध्यक्ष सन्तोष गुरुङका अनुसार साग, मह, गुन्द्रुक, केराउ, सिमी, दाल, फर्सी, सखरखण्डाको माग उच्च रहेको छ । उहाँले भन्नुभयो, "यहाँ उत्पादित साग र गुन्द्रुकको माग बढी छ । मागअनुसार पुऱ्याउनै सकिएको छैन । यहाँको हावापानीका कारण साग र गुन्द्रुक सर्वसाधारणको रोजाइमा परेको हो ।"

# लेखनाथ महोत्सवको टिकट ईसेवाबाट नै काट्न सकिने

**पोखरापत्र संवाददाता**
पोखरा, २६ मंसिर

लेखनाथ उद्योग वाणिज्य संघले आयोजना गर्न लागेको १९ औं लेखनाथ महोत्सवमा ईसेवा बाट नै टिकट काट्न सकिने भएको छ ।

महोत्सवमा लाइन बसेर टिकट लिनुपर्ने बाध्यता हटाउँदै घरबाटै टिकट लिन सकिने व्यवस्था मिलाइएको हो । समयको माग, दर्शकको भिड र सुरक्षालाई मध्यनजर गर्दै विशेषतः युवा विद्यार्थी वर्गलाई लक्षित गरी यसपटक ईसेवाबाट नै टिकट काट्ने व्यवस्था मिलाईएको टिकट व्यवस्थापन उप-समितिका संयोजक अर्जुन भण्डारीले वताए । "यसपटक टिकटको भीडभाड कम गर्न महोत्सव परिसरमा ठाउँ-ठाउँमा ई-टिकटका लागि क्यू आर कोड राख्ने तथा ई-टिकट काट्नेका लागि सहज तरिकाले प्रवेश गर्ने व्यवस्था मिलाइएको छ भने मोबाइलमा भएको ईसेवाको एपमा गई दिइएको निर्देशन अनुसार घरमै बसेर मोबाइलबाटै टिकट काट्न सकिने छ'-संयोजक भण्डारीले भने ।

यस बाहेक ईसेवाबाट टिकट काट्नेहरुमध्येबाट हरेक दिन १ जनालाई लक्की ड्र को आधारमा बञ्जीजम्प,प्याराग्लाईडिङलगायतका अफरहरु समेत ल्याईएको र महोत्सवका हरेक स्टलमा भुक्तानीको लागि ईसेवाको क्यू आर कोड राखिने ईसेवाका गण्डकी प्रदेश ईञ्चार्ज बिनोद बोहोरा क्षेत्रीले जानकारी दिए । महोत्सवमा सर्वसाधारणको लागी ८० रुपैंया र विद्यार्थीहरुको लागी परिचयपत्रको आधारमा ५० रुपैंया, बेलुकाको लाईभ कर्न्सटको लागी १ सय ५० रुपैंया मुल्य तय गरिएको छ भने ज्येष्ठ नागरिकहरुका लागी सामाजिक सुरक्षा भत्ताको कार्डको आधारमा निशुल्क प्रवेशको व्यबस्था गरिएको छ । महोत्सवमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका लघु, घरेलु, साना-ठूला औद्योगिक तथा व्यापारिक प्रतिष्ठानहरुका वस्तु तथा सेवा, हस्तकला, यातायातका साधनहरु, कृषि तथा पशुजन्य वस्तुहरु, विद्यालय स्तरीय शैक्षिक एवं विज्ञान सामाग्री, सुचना र सञ्चार प्रविधिमा भएका नयाँ आयामहरुको जगेर्ना, नयाँ प्रतिभाको खोजी अभियान, सांस्कृतिक जगेर्ना कार्यक्रम लगायतका थुप्रै कार्यक्रमहरु समावेश गरिएको र यसबाट स्थानीय उत्पादनको बजारीकरण, नयां प्रविधि तथा सिपको हस्तान्तरण, साहित्य, कला र संस्कृतिको जगेर्ना तथा आन्तरिक एवं बाह्य पर्यटक प्रवर्द्धनमा टेवा पुग्ने संघका अध्यक्ष एवं महोत्सवका संयोजक विनोद श्रेष्ठले जानकारी दिए ।

यहि पुष ५ गतेदेखी १६ गतेसम्म सञ्चालन हुने महोत्सव सम्पन्न गर्नका लागी ९ सदस्यीय निर्देशक समिति, ४१ वटा उप-समिति र १ सय २० सदस्यीय कार्यसम्पादन समिति गठन गरिएको छ । हाल शिथिल अवस्थामा रहेको देशको अर्थतन्त्रलाई चलायमान बनाउदै उत्पादक र उपभोक्तालाई एउटै थलोमा जमघट गरि यस क्षेत्रको आर्थिक गतिविधि बढाउने र आन्तरिक एंव बाह्य पर्यटकहरुलाई आकर्षण गरि आन्तरिक पर्यटनलाई सहयोग पुऱ्याउने प्रचार प्रसार समितिका संयोजक उपेन्द्रराज सुवेदी 'राजु' ले वताए ।

लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको आयोजनामा हुने १९ औं संस्करणको महोत्सवलाई पोखरा इको रेड ब्रिक्स प्रा.लि.ले मुख्य प्रायोजन गरेको छ भने सह-प्रायोजकमा पशुपति बिस्कुट र हेटौंडा डेरी, फुड फेस्टीभल प्रायोजकमा न्यूट्रीप्लस शुद्ध तोरीको तेल र प्रर्वद्धकमा पोखरा महानगरपालिका र नेपाल पर्यटन वोर्ड रहेको महोत्सवका सह-संयोजक एवं प्रायोजक व्यवस्थापन तथा उप-समिति परिचालन समितिका संयोजक राजेन्द्र ओझाले जानकारी दिए ।

# चोयाका सामग्री बिक्री हुन छाडे

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ मंसिर

सोमबार बालाचतुर्दशीका दिन म्याग्दीको गलेश्वरमा बाग्लुङको काठेखोला-४ तङग्रामबाट डाला नाङ्ला बोकेर गलेश्वर आउनुभएकी अमृता पुन ल्याएका सामग्री नबिकेपछि चिन्तित हुनुभयो । पुन मात्रै होइन, बागलुङकै बडिगाड गाउँपालिकाका धनबहादुर बुढा, तनहुँको बन्दीपुर गाउँपालिका-५ की तिलिमाया भुजेल र बागलुङको अमलाचौरका टेकनाथ चापागाइँले पनि आफूले ल्याएका सामान बिक्री नभएपछि सामान बोकेर गाउँ फर्किनुभयो ।

म्याग्दीको गलेश्वरमा शतबीज छर्न र दर्शन गर्न आएका भक्तजनलाई नाङ्लो, डालो र ठेकाठेकी बिक्री गर्ने उद्देश्यले उहाँहरू हस्तकलाका सामग्री बोकेर गलेश्वर आउनुभएको थियो । विगत एकदशक अघिसम्म बालाचतुर्दशीमा लाग्ने गलेश्वर मेलामा डाला, नाङ्ला, ठेकाठेकी, भकारी र थुन्सेको व्यापार खुब हुने गर्दथ्यो । तर पछिल्लो समय सस्तो मूल्यमा पाइने प्लास्टिक र स्टिलका सामानको प्रयोग बढ्दै गएपछि बाँस र निगालोबाट बनाइएका सामानको बिक्री घट्दै गएको हस्तकला सामग्रीका व्यापारी अमृता पुनले बताउनुभयो । "हस्तकलाका सामग्री बनाइ बिक्री गरेरै जीविका चलाउँदै आएका थियौँ", उहाँले भन्नुभयो "कोरोना महामारीमा व्यापार घट्यो, गुजारा चलाउन गाह्रो भयो ।" अहिले निगालो र बाँसको चोयाबाट बनाइएका डालो, नाङ्लो, थुन्से, भकारी, मान्द्रो आरीलगायत सामान बिक्री हुन छाडेका पुनले बताउनुभयो । उहाँले हरेक वर्ष बालाचतुर्दशी पर्वमा म्याग्दीको गलेश्वर, माघेसङ्क्रान्तिमा गुल्मीको रिडी र चैतेदसैँमा बागलुङमा पुगेर नाङ्लो, डालो र हस्तकलाका सामग्री बिक्री गर्दै आएको बताउनुभयो । पुनका अनुसार एक पाथी जाने डाला रु तीन सयदेखि रु छ सय, दुई पाथीभन्दा बढी अन्न अट्ने डालो रु छ सयदेखि रु एक हजार सयसम्म तथा नाङ्लो रु छ सयमा बिक्री हुँदैआएको छ । बाँस र निगालोबाट बनाइएका नाङ्लो, डालो र पाथी बिक्री हुन छाडेको अर्का व्यापारी अमानबहादुर विकले बताउनुभयो । युवा जनशक्ति विदेश पलायन हुने र सीप हस्तान्तरण नहुँदा पुर्ख्यौली पेसा लोप हुने अवस्थामा पुगेको उहाँको भनाइ छ ।

बाँसको चोयाबाट बुनेर गोलाकार रूपमा बिट राखी बनाइने नाङ्लो ठूलो थालजस्तै आकारको हुन्छ । यसमा अन्न निफन्ने (केलाउने) गरिन्छ । यस्तै बाँस र निगालोको चोयाको सहायताबाट बुनिने फराकिलो मुख भएको गहिरो भाँडो डालो हो । यसमा पनि अन्नपात राख्ने गरिन्छ । गाउँघरमा नाङ्लो र डालोको प्रयोग गर्ने चलन धेरै भए पनि अहिले यी सामानको प्रयोगमा कमी आउन थालेको छ ।

विकास र प्रविधिको पहुँचसँगै संरक्षणमा चासो नदिँदा म्याग्दीका ग्रामीण भेगबाट रैथानै सीप र प्रविधिको प्रयोग गरी निर्माण गरिएका यस्ता सामग्री र यीसँग सम्बन्धित मौलिक सम्पदा लोपहुँदै गएका छन् । एक दशक अगाडिसम्म म्याग्दीका ग्रामीण क्षेत्रमा अत्यधिकरूपमा प्रयोग हुने गरेका यस्ता हस्तकलाका सामग्रीलगायत, ढिँकी, जाँतो र पानीघट्ट पनि अहिले लोप हुँदै गएका छन् । ढिँकी, जाँतो र पानीघट्ट अन्न कुट्ने र पिस्ने परम्परागत प्रविधि हुन् । गाउँ-गाउँमा पानी तथा बिजुलीमार्फत सञ्चालन हुने मिल पुगेपछि यस्ता प्रविधि पनि लोपहुँदै गएका बेनी नगरपालिका-२ का वडाअध्यक्ष यामबहादुर कार्कीले बताउनुभयो ।

# सेताम्मे हिमाल किन कालो हुँदैछ ?

**- रामबहादुर थापा र ऋषिराम बराल**
गण्डकी, २६ मंसिर/रासस

"विश्वव्यापी तापमान वृद्धिले हिमालका हिउँ पग्लँदै गए माउण्टेन क्लाइम्बिङ कुनै दिन रक क्लाइम्बिङमा फेरिन सक्छ", विश्व वन्यजन्तु कोषका नेपाल प्रमुख एवं संरक्षणविद् डा घनश्याम गुरुङले भन्नुभयो, "जलवायु परिवर्तनको असर न्यूनीकरणका उपाय अपनाउनु र यससँग अनुकूलन हुनुको विकल्प हामीसँग छैन ।"

पोखरामा जारी अन्तर्राष्ट्रिय पर्वतीय महोत्सवका अवसरमा सोमबार आयोजित 'हिमाल किन कालो हुँदैछ ? के यो परिवर्तन हाम्रो जीवनसँग सम्बन्धित छ ?' शीर्षकमा भएको समूहगत छलफलमा उहाँले पृथ्वीको बढ्दो तापमानलाई रोक्न स्वच्छ ऊर्जाको प्रयोग बढाउनुपर्ने बताउनुभयो । संरक्षणविद् गुरुङले अहिलेकै गतिमा हिउँ पग्लँदै गए आउँदा केही वर्षभित्रैमा हिमालहरू कालापत्थरमा परिणत हुने उल्लेख गर्नुभयो ।

पृथ्वीको तापक्रम वृद्धि र धुवाँधुलोका कारण हिमाल पग्लिरहेको उहाँको भनाइ छ । संरक्षणविद् गुरुङले कार्बन उत्सर्जनमा नेपालको योगदान नभए पनि जलवायु परिवर्तनको विश्वव्यापी असरबाट बच्न स्थानीय तवरबाटै योजना बनाउनुपर्ने धारणा राख्नुभयो । "जलवायु परिर्तनमा विकसित देशको मात्र दोष छ, नेपालको केही भूमिका छैन भनेर हामी चुप लागेर बस्नु हुँदैन", उहाँले भन्नुभयो, "अन्तर्राष्ट्रिय समुदायमा आवाज उठाउन पनि हामीसँग नैतिक धरातल चाहिन्छ ।"

कार्यक्रमका अर्का वक्ता जीविकोपार्जन तथा बसाइँसराइविद् डा अमिना महर्जनले जलवायु परिवर्तनले नेपालमा मात्र नभएर सिङ्गो हिन्दूकुश क्षेत्रकै हिमाल सुक्खा बन्दै गएको बताउनुभयो । "जलवायु परिवर्तनले पर्यावरण, कृषि, पर्यटन, स्वास्थ्यलगायत यावत क्षेत्रमा प्रत्यक्ष/अप्रत्यक्ष असर पुर्‍याइरहेको छ", उहाँले भन्नुभयो, "जलवायु परिवर्तनको प्रभाव अझ बढ्दै जान्छ, घट्दैन तसर्थ यससँग अनुकूलन हुनुबाहेक अर्को विकल्प छैन ।"

पृथ्वीको तापमान वृद्धि हुँदै जानुमा नेपालको कुनै भूमिका नभए पनि यसको परिणाम भने भोग्नुपरिरहेको उहाँले बताउनुभयो । केही महिनाअघि मुस्ताङको कागबेनीमा आएको बाढी, सन् २०१२ मा हिमपहिरोका कारण सेती नदीमा आएको बाढी त्यसकै उदाहरण भएको उहाँले बताउनुभयो ।

"जलवायु परिवर्तनका कारण स्वास्थ्य क्षेत्रमा परेको प्रभावबारे कम बहस हुने गरेको छ, खासै अनुसन्धान पनि भएको छैन", डा महर्जनले भन्नुभयो, "नयाँ-नयाँ जनस्वास्थ्यका समस्या निम्तिरहेका छन्, रोग विस्तार भएका छन् ।" उहाँले जलवायु अनुकूलन योजनाका लागि सरकार र अन्तर्राष्ट्रिय क्षेत्रबाट न्यूनमात्र मद्दत आउने गरेको उल्लेख गर्नुभयो । "जति प्रयास स्थानीय समुदायबाट भएको छ, सरकारबाट त्यति हुनसकेको छैन, 'लस एण्ड ड्यामेज फण्ड'का लागि पनि सरकारले अन्तर्राष्ट्रियस्तरमा आवाज उठाउनुपर्छ ।"

छलफलमा भाग लिँदै वरिष्ठ पत्रकार कुन्द दीक्षितले जलवायु परिवर्तनलाई अब जलवायु सङ्कट भन्नुपर्ने बेला आएको बताउनुभयो । उहाँले जलवायु परिवर्तनलाई वातावरणीय समस्याका रूपमा मात्र नहेरेर अर्थ-राजनीतिक पाटोबाट पनि हेर्नुपर्ने धारणा राख्नुभयो । "पृथ्वीको तापमान वृद्धि भइरहेको छ, अबको केही दशकमा हाम्रा हिमालहरू हिमालजस्तै नरहन सक्छन्, त्यसबाट पानीको सङ्कट उत्पन्न हुन्छ", उहाँले भन्नुभयो, "पानीमा आधारित कृषि र जनजीवनमा ठूलो असर पर्छ ।" हिमालबाट हिउँ रित्तिए नदी र पानीको स्रोत सुक्ने उहाँले बताउनुभयो । नेपालले खनिज तेलको खपत घटाएर स्वच्छ ऊर्जाको प्रयोगलाई बढाउनुपर्ने उहाँले सुझाव छ । पत्रकार दीक्षितले पेट्रोलियम पदार्थको सट्टा जलविद्युत् र नवीकरणीय ऊर्जाको प्रयोगलाई राज्यले प्रोत्साहित गर्नुपर्ने धारणा राख्नुभयो । "नेपालमा उत्पादन हुने बिजुली स्वदेशमै खपत गर्न विद्युतीय सवारीसाधन चलाउनदेखि भान्छामा पनि विद्युतीय उपकरणको प्रयोगलाई बढाउनु आवश्यक छ", पत्रकार दीक्षितले भन्नुभयो, "पृथ्वीको तापक्रम बढ्नुमा खनिज तेलको प्रमुख हात छ, यसको सट्टा अब स्वच्छ ऊर्जा प्रयोग गर्नुपर्छ ।" उहाँले नेपालको कुल आयातको २५ प्रतिशत पेट्रोलियम पदार्थले ओगट्ने गरेको बताउनुभयो ।

जलवायु परिवर्तन र खाद्य सुरक्षामा अनुसन्धानरत डा जगन्नाथ अधिकारीले हिमालको सम्बन्ध नेपाली संस्कृतिसँग पनि जोडिएको बताउनुभयो । "बिहानै हिमाल हेर्‍यो भने दिन पवित्र हुन्छ भन्ने मान्यता छ, विभिन्न देवीदेवताका नामबाट पनि हिमाललाई पुकारिन्छ", उहाँले भन्नुभयो, "हिमालय क्षेत्र मानिसको जनजीवन र संस्कृतिसँग प्रत्यक्ष जोडिएको छ, हिउँ नरहे हाम्रा सांस्कृतिक परम्परा पनि हराउन सक्छन् ।" हिउँ पग्लँदै गएपछि पोखराबाट देखिने हिमालको सुन्दरता पनि विस्तारै खस्कँदै गएको डा अधिकारीले बताउनुभयो ।

हावापानीमा आएको परिवर्तनका कारण कृषि उत्पादन कम हुने, बालीनालीमा रोग कीराले सताउनेजस्ता समस्या बढिरहेको उहाँले बताउनुभयो । "कृषि उत्पादन घट्दा खाद्य सुरक्षामा पनि असर पुग्छ, मुस्ताङ, मनाङजस्ता हिमाली जिल्लामा त हिउँ नपरेसम्म खेती बाली नै हुँदैन", डा अधिकारीले भन्नुभयो, "प्राकृतिक विपद्को पनि उस्तै जोखिम छ, जलवायु परिर्वतनका बहुअसर छन् ।" उहाँले जलवायु परिवर्तनसँग जुध्न नेपालले अन्तर्राष्ट्रिय सहयोग जुटाउनुपर्ने धारणा राख्नुभयो ।

# मौलिक भाका संरक्षणमा आमा समूहको चासो

**पोखरापत्र संवाददाता**
बागलुङ, २६ मंसिर

मौलिक कला, संस्कृति र गीत सङ्गीतमा प्रसिद्ध मानिने बागलुङमा एक दशकयता निकै कम हुँदै गएका छन् ।

सहरदेखि गाउँसम्म जताततै मौलिकता बोकेका गीत सङ्गीत गुञ्जिने गरे पनि हिजोआज सुनिन छोडेका छन् । आदिवासी जनजात समुदायको बाक्लो बस्ती भएको ठाउँमा फाट्टफुट्ट मौलिक गीत सुनिने गरे पनि अन्य ठाउँमा खासै पाइँदैन । बागलुङको जैमिनी नगरपालिका-३ दमेककी टीकादेवी क्षेत्री ६५ वर्ष हुनुभयो । यो उमेरमा पनि उहाँ गीत गाउने र रमाइलो गर्ने निकै रुचि राख्नुहुन्छ । बुढ्यौली लागे पनि टीकादेवीलाई पुराना भागाका गाउन कुनै समस्या छैन । मेला, पर्व र गाउँमा लाग्ने महोत्सवमा अहिले पनि उहाँ गीत गाउन हिँड्नुहुन्छ । खास गरी उहाँले बिना सालैजोको ठाडी भाका, यानीमाया, सुनिमाया र झ्याउरे गीत गाउने गर्नुभएको छ । पछिल्लो समय नयाँपुस्ताले आधुनिक र विदेशी गीतसङ्गीतप्रति चासो दिँदा मौलिक लोकभाका हराउँदै गएको जनाउँदै उहाँले चिन्ता व्यक्त गर्नुहुन्छ । पुराना मौलिक लोकभाकालाई संरक्षण गर्न टीकादेवीको नेतृत्वमा महिला आमा समूहनै सक्रिय भएका छन् । गाउँमा सिर्जना आमा समूहमार्फत मौलिक गीतसङ्गीतको जगेर्ना भइरहेको छ । बूढापाकाले जानेबुझेका र गाउँदै आएका पुराना गीत सङ्गीत नयाँपुस्तालाई सिकाउने प्रयास उहाँहरूले गर्न थाल्नुभएको छ । धेरै लोकभाका हराउँदै गएपछि सिर्जना महिला आमा समूह सक्रियरुपमा यसको संरक्षणमा लागेका हुन् ।

गाउँमा हुने हरेक सार्वजनिक कार्यक्रम तथा परम्परागत चाडपर्वमा युवापुस्तालाई सँगै राखेर उहाँहरूले गीत गाउने गर्नुभएको छ । युवा गाउँ छोडेर विदेश तथा बजार झर्न थालेपछि सिक्ने मान्छेसमेत हराउँदै गएका छन् । अहिले बजारमा आउने आधुनिक, र्‍याप, हिन्दी र अङ्ग्रेजी गीतका कारण वर्षौं पुराना मौलिक गीत लोपोन्मुख हुँदै गएको टीकादेवीले बताउनुभयो । पुराना गीत नसिकेसम्म गाउन नसकिने उहाँ बताउनुहुन्छ । गीतको राग र तालको भाव बुझेर टुक्कालाई पूर्णताः दिनुपर्ने हुँदा यो ठाडी भाका गाउन कठिन हुने क्षेत्रीले बताउनुभयो । मेला, महोत्सव तथा विभिन्न कार्यक्रममा यस्ता भाका गाउने चलन रहेको उहाँ बताउनुहुन्छ । अर्म, पर्म लाग्दा, घाँस दाउरा गर्दा, मेलापात जाँदा र लामो दूरीको यात्रा गर्दा मनोरञ्जनको माध्यम बिना सालैजोको ठाडी भाका, सालैजो र झ्याउरे भाका भएको उहाँको भनाइ छ । आधुनिक सञ्चारमाध्यमको विकास, पुराना पुस्ताका कलाकारबाट पुस्तान्तरण र नयाँ पुस्ताको चासो नहुँदा यस्ता गीत हराउन थालेको टीकादेवीले बताउनुभयो । उहाँले भन्नुभयो, "पहिले-पहिले गाउँघरमा धेरै काम गर्नुपर्थ्यो, मेलापात हुन्थ्यो, त्यति बेला झ्याउरे गाउने, ठाडोभाका आउने गरिन्थ्यो, ती पुराना गीतले थकाइ पनि हराउँथ्यो, रमाइलो र मनोरञ्जन दिने माध्यम बनेको थियो, तर अहिले धेरै गीत आएका छन्, हाम्रा नातीनातिनीले तिनै गीत सुन्ने गाउँने गर्छन्, तर हामीहरूले गाउँने पुराना भाका सुन्दैनन्, मन पराउँदैनन्, केही समय भयो हामी पुराना जमानाका बूढाबूढी मिलेर संरक्षणन गर्नुपर्छ भनेर लागेका छौँ ।" गलकोट नगरपालिका-१० की पार्वती काउचा मगरले पहिले-पहिले रोधी बस्ने र पुराना भाका गाउने गरेको भन्दै अहिले रोधी नै बस्न छाडेपछि ती भाका हराउँदै गएको बताउनुभयो । अहिले रेडियो, टेलिभिजन तथा मोबाइलमा आउने आधुनिक, पप तथा लोकगीतले ठाडी भाका हराउन थालेको उहाँको भनाइ छ । पुराना भाका कलाकारले पनि कमै मात्रा गाउने गरेको उहाँ बताउनुहुन्छ । बाउआमा, बाजेबजैबाट आफूहरूले पुराना भाका गाउन सिके पनि अहिलेका पुस्ताले चासोनै नदिने काउचाले बताउनुभयो । उति बेला गीत गाउँदागाउँदै बिहे गर्ने चलन रहेको भन्दै अहिले त्यो चलन पनि हराएको उहाँ बताउनुहुनछ । "हाम्रो पालामा त गीत गाउँदागाउँदै मन परेको केटाकेटी भयो भने बिहे गर्ने चलन थियो, अहिले त फोन आयो, फोन गरेर भेट्ने बिहे गर्ने गर्छन्, हाम्ले गीत गाएर बिहे गरेको भन्दै अहिलेका मान्छेले अचम्म मान्छन्, जुग जमाना फेरिएपछि सबै थोक फेरिए", उहाँले भन्नुभयो, "गाउँपालिका, नगरपालिकाले मौलिकता बोकेका पुराना भाका संरक्षणमा चासो दिनुपर्छ, उहाँहरूले सिकाउने जिम्मा हामीहरूलाई दिए, हामी निःशुल्क सिकाउन तयार छौँ ।"

# 'श्रवणकुमार समाधिस्थल'लाई चिनाउन भजन चुड्का प्रतियोगिता

**पोखरापत्र संवाददाता**
वालिङ, २६ मंसिर/रासस

'बनून सबै जना श्रवण जस्तै सन्तान' यो प्रतीकात्मक चुड्का श्रवणकुमार समाधिस्थलमा आयोजना गरिएको भजन चुड्का प्रतियोगिताका सहभागीले गाएका हुन् । स्याङ्जाको आँधीखोला गाउँपालिकाको सहयोग र श्रवणकुमार क्षेत्र विकास समितिले सोमबार आयोजना गरेको पालिकास्तरीय भजन चुड्का प्रतियोगितामा प्रतिस्पर्धामा उत्रिएका प्रतिस्पर्धीहरूले प्रस्तुत गरेका हुन् ।

समयक्रमसँगै आफ्ना बुबाआमाप्रति छोराछोरीले निभाउनुपर्ने जिम्मेवारीबाट उनीहरू पन्छिदै गइरहेका बेला श्रवणकुमारलाई प्रतीकका रूपमा स्थापित गरी जिम्मेवार बन्नुपर्ने सन्देश भजन चुड्कामार्फत प्रस्तुत गरिएको हो । श्रवणकुमारले आफ्ना अन्धाअन्धी बुबाआमाको गरेको सेवा, बुबाआमाप्रति छोराछोरीले कर्तव्य र दायित्व भुल्दै गइरहेको समाजलाई साङ्केतिक रूपमा सहभागीका प्रस्तुति र झाँकीले दर्शाइरहेको देखिन्थ्यो ।

आफ्ना अन्धाअन्धी बुबाआमालाई खर्पनमा बोकेर छोरा श्रवणकुमारले तीर्थाटन गराउने क्रममा हालको आँधीखोला गाउँपालिका-४ घ्याङसिदी आइपुग्दा बुबाआमालाई तिर्खा लाग्यो । श्रवणकुमार बुबाआमालाई छाडेर नजिकैको तलाउमा पानी लिन गएका र तलाउबाट पानी निकाल्दा डुबाएको भाँडो बज्न पुग्यो । उक्त आवाज मृगको जस्तो मानी राजा दशरथले प्रहार गरेको 'शब्दभेदी वाण' लागेर श्रवणकुमारको निधन भएको पौराणिक किंवदन्ती रहिआएको छ । अन्धाअन्धीको सहारा एकमात्रै छोरा श्रवणकुमारको मृत्यु भएपछि व्याकुल बनेका बुबाआमाले पनि रुँदारुँदै सोही ठाउँमा मृत्युवरण गरेका थिए । उनीहरूको आँसुबाट बनेको दहबाट उत्पत्ति भई हालको 'आँधीखोला' बहेको मानिन्छ । श्रवणकुमारलाई बाण लागेर मृत्यु भएको किंवदन्तीका आधारमा उक्त ठाउँमा श्रवणकुमार समाधिस्थल निर्माण गरिएको छ । "धार्मिक, ऐतिहासिक, पौराणिक, सांस्कृतिक तथा प्राकृतिक हिसाबले महत्वको ठाउँको प्रचारप्रसार गर्ने उद्देश्यसहित गाउँपालिकाले भजन चुड्का प्रतियोगिता सञ्चालन गरेको संस्कृतिविद् डा तुलसी प्रभास खनालले बताउनुभयो । उहाँले भन्नुभयो, "यसको महत्व स्थानीयवासी तथा अन्यत्रसम्म पुर्‍याउन तथा श्रवणकुमारका बारेमा खोजअनुसन्धान गर्न पनि यसले महत्वपूर्ण भूमिका खेलेको छ ।" यस ठाउँको महत्वका बारेमा स्थानीय पाठ्यक्रममा समावेश गरी बालबालिकालाई जानकारी दिइएको संस्कृतिविद् डा खनाल बताउनुहुन्छ । समाधिस्थलमा आयोजना भएको भजन चुड्का प्रतियोगितामा 'खोला बनी बग्यो रगत र आँसुले, शीला बन्यो मासुले' जस्ता भाव समेटिएका भजन चुड्का प्रस्तुत गरिएका थिए । श्रवणकुमारका अन्धाअन्धी बुबाआमा,श्रवणकुमारकोगाथालाई लयात्मक ढङ्गले समाधिस्थलमै कार्यक्रम गर्दा यसको प्रचारप्रसारमा टेवा पुगेको गाउँपालिकाका अध्यक्ष विश्व पौडेलले बताउनुभयो ।

स्थानीय कला संस्कृतिको संरक्षण, धार्मिक एवं पर्यटकीयस्थलको प्रचारप्रसाका लागि यस वर्षदेखि भजन चुड्का प्रतियोगिता आयोजना गरिएको अध्यक्ष पौडेलले बताउनुभयो । "गाउँपालिकाभित्रपर्नेप्रमुखधार्मिक, पर्यटकीय, पौराणिक तथा सांस्कृतिकरूपमा निक्कै महत्व बोकेको यस ठाउँको प्रचारप्रसार गर्ने मुख्य उद्देश्य हो", उहाँले भन्नुभयो । श्रवणकुमार समाधिस्थलमा गाउँपालिका र नेपाली सेनाको सहकार्यमा सामाजिक कल्याण कोषमार्फत भौतिक पूर्वाधार निर्माणका कामहरू भइरहेका छन् । उक्त ठाउँमा पोखरी पुनःनिर्माण, मन्दिर निर्माण, राजा दशरथले हवन लगाएको हवन कुण्डलगायतका संरचना निर्माण भइरहेका छन् ।

# नेपाल भारतसँग पराजित

**रासस**
काठमाडौं, २६ मंसिर

संयुक्त अरब इमिरेट्स (युएई) मा जारी एसिसी उन्नाइस वर्षमुनि (यु-१९)को एसिया कप क्रिकेट प्रतियोगिताअन्तर्गत समूह चरणको आफ्नो अन्तिम खेलमा नेपाल भारतसँग १० विकेटले पराजित भएको छ ।

दुबईको आइसिसी एकेडेमी ओभल-२ क्रिकेट मैदानमा आज भएको खेलमा भारतसँग पराजित भएसँगै नेपाल समूह चरणबाट बाहिरिएको छ । नेपाल समूह चरणको पहिलो खेलमा पाकिस्तानसँग सात विकेटले पराजित भएको थियो भने दोस्रो खेलमा अफगानिस्तानसँग ७३ रनले पराजित भएको थियो । मंगलबारको जितसँगै भारतले प्रतियोगितामा दोस्रो जित दर्ता गराएको छ । भारतले अफगानिस्तानलाई सात विकेटले हराएको थियो भने पाकिस्तानसँग भने आठ विकेटले पराजित भएको थियो । मंगलबारको खेलमा नेपालले भारतलाई जितका लागि ५३ रनको सामान्य लक्ष्य दिएको थियो । जवाफमा भारतले सात दशमलव एक ओभरमा कुनैपनि विकेट नगुमाई पूरा गर्‍यो ।

भारतका जितमा आर्सिन कुलकर्नीले सर्वाधिक ४३ रनको योगदान दिए । उनले ३० बल खेल्दै पाँच छक्का र एक चौका प्रहार गरे । उसका लागि आदर्श सिंहले १३ रन बनाए । त्यसअघि टस हारेर पहिला ब्याटिङ थालेको नेपाल २२ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै ५२ रनमा समेटिएको थियो । नेपालका लागि कुनै पनि ब्याट्सम्यानले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । खराब ब्याटिङ गरेको नेपालका लागि हेमन्त धामीले सर्वाधिक आठ रन जोडे ।

# विद्यालयलाई दश रोपनी जग्गा दान

**पोखरापत्र संवाददाता**
वालिङ, २६ मंसिर/रासस

लुम्बिनी प्रदेशका प्रदेश प्रमुख अमिक शेरचनका दश दाजुभाइले मङ्गलबार म्याग्दीको एक विद्यालयलाई करिब दश रोपनी जग्गा दान गर्नुभएको छ ।

शेरचनका दश जना दाजुभाइले आफ्नो जन्मथलो म्याग्दीको मालिका गाउँपालिका-४ मा रहेको ओखरबोट माविलाई नौ रोपनी तीन आना तीन दाम दुई पैसा क्षेत्रफलको जग्गा दान गर्नुभएको हो । नेपाल सरकारको मापदण्डअनुसार रु ४४ लाख ७७ हजार मूल्य कायम भएको जग्गा निःशुल्क उपलब्ध गराउनुभएका शेरचन परिवारले थप रु तीन लाख ३५ हजार सात सय ७७ राजस्व र रु पाँच हजार लेखापढी व्यवसायीको शुल्क पनि आफैँले बेहोर्नुभएको ओखरबोट माविका प्रअ नवीन कार्कीले जानकारी दिनुभयो । "मालपोत कार्यालय म्याग्दीबाट औपचारिकरुपमा विद्यालयको नाममा जग्गा प्राप्त भएको छ", उहाँले भन्नुभयो, "बुधबार विद्यालयमा शेरचन परिवारलाई गाउँलेको तर्फबाट अभिनन्दन गर्ने कार्यक्रम छ ।" हाल विद्यालय रहेको ठाउँ पहिरोको जोखिममा परेपछि स्थानान्तरणका लागि शेरचन परिवारले जग्गा दान गर्नुभएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जनक पुनले बताउनुभयो । विद्यालयका संस्थापक स्व उमादेवी शेरचनका श्रीमान् बडीबहादुर शेरचनका छोरा, छोरी तथा बुहारीहरुले सो जग्गा दान गर्नुभएको हो । जग्गा दान गर्नेमा धनबहादुर/उषा शेरचन, स्व ताराकुमार शेरचनकी श्रीमती जयाकुमारी शेरचन, अमिक शेरचन/शान्ति शेरचन, चित्रलाल शेरचन/तेजकुमारी शेरचन, खगेन्द्र शेरचन/मीना शेरचन, प्रान्ति शेरचन/विश्वप्रभा शेरचन, काजु शेरचन/धनकुमारी शेरचन, दीपेन्द्र शेरचन/फूलमाया (घर्ती) शेरचन, नवरत्न शेरचन/मीना शेरचन, गुप्तमा (दशरथ) शेरचन/नन्दकुमारी शेरचन र छोरी दर्पण (शेरचन) गौचन रहनुभएको छ । विसं २००८ मा स्थापना भएको यस विद्यालयमा दुई सय ११ विद्यार्थी छन् । विद्यालयमा कक्षा १० सम्म पठनपाठन हुने गरेको छ । जग्गादाता शेरचन परिवारको पुर्ख्यौली थलो ओखरबोट हो । उहाँहरु हाल देशका विभिन्न ठाउँमा पेसा, व्यवसाय र सामाजिक क्षेत्रमा क्रियाशील हुनुहुन्छ ।